# मरिण गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## कपिलाकोट,सिन्धुली

## बागमती प्रदेश, नेपाल

### आन्तरिक कर विटौरी (हाट वजार) कर सम्वन्धी सूँचना

**प्रथम पटक प्रकाशित मितिः- २०७७/०८/०६**

मरिण गाउँपालिकाको आर्थिक ऐन २०७७ को दफा ८ मा भएको ब्यवस्था अनुसारको यस गाउँपालिकाले उल्लेखित स्थानहरुवाट आन्तरिक कर संकलनको लागी ठेक्का ब्यवस्था सम्वन्धी भएको निर्णय अनुसार देहायको उल्लेखित स्थानहरुवाट विटौरी (हाटवजार) कर उठाउनको लागी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक, ब्यक्ति, फर्म वा संस्था (स्थायी लेखा नम्वर(पान) लिएका) तोकिएका तपसिल वमोजिमको शर्तहरुको अधिनमा रहि प्रथम पटक प्रकाशित मितिले ७ (सात) दिन भित्र शिलवन्दी पेश गर्नुहुन सार्वजनिक गरिएको छ।

विटौरी करको लागि

| ठेक्का नं. | ठेक्काको क्षेत्र | न्युनतम बो कबोल रकम |
|---|---|---|
| ४/०७७/७८ | भालुमारा वजार | ७०,०००।- (सत्तरी हजार मात्र) |
| ५/०७७/७८ | बढीमुहान वजार | ७०,०००।- (सत्तरी हजार मात्र) |

शर्त तथा बन्देजः

१. इच्छुक योग्य ब्यक्ति, फर्म वा संस्थाहरुले रकम रु १,०००।- (एक हजार मात्र) दस्तुर बुझाई यो सूचना प्रकाशित मितिले ७ औ दिनको कार्यालय समय सम्ममा लिखित निवेदन दिएर ठेक्का सम्वन्धी कागजात खरिद गर्न सकिनेछ। ७ औ दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट फर्म खरिद गर्न सकिनेछ।

२. खरिद भएको ठेक्का सम्वन्धी कागजात सूचना प्रकाशित भएकी मितिले आठौ दिनको १२:०० वजे सम्म शिलवन्दी गरी यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ। तेकिएको समयमा दर्ता हुन आएका फर्महरु सोहि दिनको २:०० वजे कार्यालयमा खोलिनेछ।

३. फर्मको हकमा फर्म दर्ता तथा नविकरणको प्रमाण पत्र, PAN दर्ता प्रमाण पत्र र आ.व. ०७६/७७ को कर चुक्ताको प्रमाण पत्र पेश गर्नु पर्ने छ। ब्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ।

४. ठेक्का परेको ब्यक्ति, फर्म वा संस्थाले कबोल अंकको ५० प्रतिशत रकम अग्रिम भुक्तानी गर्नु पर्नेछ र बाकी ५० प्रतिशत रकम जेठ मसान्त सम्ममा जम्मा गर्नु पर्ने छ।

२०७७।८।६

**बिनोद पोखरेल**
**प्रमुख प्रशासकीय अधिकृत**

इमेल :- maringapa.sindhuli@gmail.com "नतिजामुखी प्रशासन, समृद्धि र सुशासन" वेव साईट :- www.marinmun.gov.np